annapurnapost.com
अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ९७ पृष्ठ १० | काठमाडौं, सोमबार १९ साउन २०८२ | श्रावण शुक्लपक्ष दशमी नेपाल संवत् ११४५ | MONDAY, AUGUST 4, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# निर्यातमा उत्साहजनक छलाङ

## रेकर्ड तोडेका वस्तु : भटमासको तेल, फलाम, धागो र सूर्यमुखी तेल

अघिल्लो वर्षको तुलनामा ८१.८० प्रतिशतले वृद्धि हुँदा मुलुकको निर्यातमा रेकर्ड तोडियो । २ खर्ब ७७ अर्ब ३ करोड २ लाख २ हजार रुपैयाँको वस्तु विभिन्न मुलुकमा बिक्री हुँदा विदेशी मुद्रा आर्जन भयो । आयातको तुलनामा निर्यात धेरै कम छ । यद्यपि यसमा क्रमिक सुधार हुँदैछ । तर, दुर्भाग्य कच्चापदार्थ आयात गरेर निर्यात गर्ने वस्तुको हिस्सा अधिक छ । यसो हुँदा निर्यात स्थायी नहुने सरोकारवालाको चिन्ता छ ।

समाचार पृष्ठ २

**ममता थापा** | *काठमाडौं*

– को रिपोर्ट




स्रोत : *व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र*

# मृत्युको न्यायिक घोषणा भएको दुई वर्षपछि जब जुठे फर्किए



**शिव उप्रेती** | *गोरखा*

गोरखा नगरपालिका-४ फिनामकी ६३ वर्षीया उजेली कामीलाई आँबुखैरेनीबाट साथीले फोन गरिन्। श्रीमान् कलकत्ताबाट घर फर्किँदै गरेकाले बाटोसम्म लिन आउन सूचना गरिन्।

उजेलीलाई साथीको फोनले पत्याउनु कि नपत्याउनु दोधार पाऱ्यो। उनले जेठो छोरोलाई सो खबर जस्ताको तस्तै सुनाइन्। 'जेठोले पत्याउँदै पत्याएन। बाबालाई बजारसम्म लिन जाम न हिँड भनें। बजारसम्म त आयो तर नपत्याएर घर फर्क्यो', उजेलीले हालैको घटना सुनाउँदै भनिन्, 'मचाहिँ पर्खेर बसेँ। साँझ ७ बजेतिर खैरेनीबाट ट्याक्सीमा आउनुभा'को रछ। ट्याक्सीबाट झर्नुभयो। उहाँले त मलाई एकछिन टोलाएर हेरेपछि चिन्नु भएछ। तिम्रो बुढो मै हो भनेर ठिंग उभिनुभो। मोटो न मोटो, अग्लो न अग्लो मान्छे, मैले चिन्नै सकिन। अक्क न बक्क भएर हेरेको हेरै भएँ।' त्यतिबेलाको खुसीलाई बयान गर्ने शब्द नपाएर उनी अकमक्क परिन्।

जुठे २९ वर्षको कल्कलाउँदो जवानीमा घर, घरबार छोडेर मुग्लान पसेका थिए। अहिले घर फर्कँदा ६३ वर्ष टेकिसकेका छन्। 'कान्छो छोरो पेटमा आठ महिनाको हुँदा छोडेर कलकत्ता गएका हुन्। अहिले कान्छोपट्टि पनि दुइटा नाति भइसके। चिन्नु पनि कसरी', उजेलीले भनिन्, 'मै हो क्या मै हो भनेपछि बल्लबल्ल चिनियो।' पोखरा बसमा आएका उनले खैरेनीबाट आएको ट्याक्सी फिर्ता पठाइदिए। फिनामसम्म जान फेरि अर्को ट्याक्सी खोजे। अनि घरका लागि हिँडे। 'जेठो छोरो बाटोसम्म पर्खिरहेको थियो। सानोमै छाडेर जानुभा'को बाउलाई उसले नि चिन्ने कुरै भएन', उजेलीले भनिन्, 'घर पुग्यौं। कान्छाले त बाउको मुखै देखेकै थिएन। ३५ वर्ष हराएका बाउ घर फर्की आएको देखेर सबैजना छक्कै परे।'

गाउँकै एक जना दाइको पछि लागेर जुठे २०४८ साल चैत १० गते मुग्लान पसेका थिए। 'सधैं आउने जाने दाइ थिए। मलाई कलकत्ताको एउटा कम्पनीमा छाडेर ती दाइ कता गए कता। त्यतिबेला फोन पनि थिएन। चिठी लेख्न आफूलाई कालो अक्षर भैंसी बराबर', जुठेले एकसासमा भने, 'पछि फोनको चलन त आयो तर आफ्नो फोन नम्बर घरकालाई थाहा छैन, घरको फोन नम्बर आफूलाई थाहा छैन। यता नेपालका एकजना पनि चिनेको थिइन। म त नराम्ररी हराएँ।'

बाँकी पृष्ठ ५

